हिज उ घरको छप्परमा बसेर, नुहाएको केशलाई झड़काउँदै थिई । म पनि भन्नौं, उसलाई नै देखेर त्यही उसको घरको बाटो भएर हिंड़े मानो 'अर्जेण्ट' काममा गए झैं । म सरासर यादै नगरे झैं, यता उता नहेरी कान मात्र (उसले कतै केही भनिहाल्छे कि भनेर) ठाड़ो पारेर गएँ । अकस्मात् मेरो निधारमा दुइ-तीन छिटा परे झैं लाग्यो । मैले झट्ट सम्झें साह्रो पानी पऱ्यो कि क्या हो ! यसो माथि हेरें पानीको लक्षण ता केही थिएन । घाम टनटना-पुर लागिरहेको छ । दिउँसै कता तारा देखें जसतो लाग्यो । मैले झट्ट विचार गरें—अघि माथिबाट आउँदा उसले केश झटकाउँदै थिई; ठिक पनि त्यहि पानी परेको हो, हाइन भने पनि बोल्ने मौका त पाएँ । 'के निहूं पाउँ कनिका बुकाउँ' भनिरहेको बेलामा, चित्रो जबर-जस्ती लाबर जसतो तन्काएर माथि हेर्दै व्यङ्ग हाने—"क्या हौ, तिमी नुहाउँछ्यौ, मलाई भिजाउँछ्यौ !! " उसले भनी—"सरी दाजू"... अरू के के भने जसतो लाग्यो । त्यो 'सरी' भन्ने शब्द ता मेरो निम्ति अमृत वर्षा भयो । म अझ केही भन्ने इच्छा गर्दा गर्दै उसको घरको मान्छे बाहिर निस्कन्दा म लुते कुकुर झैं सुरुसुरु आफ्नो बाटो लागें । त्यो बेलुकी मलाई भोक पनि लागेन । त्यसै, नखाईकन ओछ्यानमा पल्टिएँ । स्वप्नमा पनि उसलाई मात्र देखें । कानमा पनि 'सरी दाजू' भनेको आवाज मात्र आउँछ । यतिसम्म भएछु कि बिहान 'हँगर'-बाट कोट झिक्दा बाबुसंग ठोकिएछु । मैले अन्धा-धुन्दमा उसको हिजको दुइ छिटा पानी लागेको कमेज इज्जतसंग "हँगर"-बाट निकाल्दै सुंघी-रहेथें, मानो मलाई ती दुइ छिटा पानीबाट मी...ठो कोलगेटको वासना आइरहेछ । फेरि कानमा 'सरी दाज्यू' को आवाज आइरहेको । एक ता रातभरि राम्री ननिधाएको आँखापनि कचेराले बन्द भईरहेको बेला, धंग-धंगीमा बाबुसँग ठोकिन्दापनि 'सरी दाजू' भनि पठाएछु । बाबुले पनि "औंसी पुर्णेमा पग्ला हुन्छ भनि अस्ति यसको साथीहरू बात गर्दै थिए—साँचै हो कि क्या हो !! " भनेर कोट लगाई बाहिर निस्के । म अन्यमनस्क भावले मूर्ति झैं उभिइरहें । एकछिनमा मूमालें भान्साकमरामा बोलाइन "पग्ला जस्तो भएर के उभिरहेको ? रातभरि पनि 'सरी दाजू' मात्र भन्छ, के हुँदैछ तँलाई ! कुन तेरो दाजूलाई के गरिस् र 'सरी-दाजू' भन्दैछस् ।" आमा कराइन । म झसङ्ग भएँ र चिया पिउन भनि भान्सा-कमरामा गएँ । म सँधै ता मुख नधोई, दाँत नमाझी चिया पिउँदिन थे; त्यो दिन ता के भयो भयो कचेरा आँखामा लिएर चिया पिउँदा; सानो कचेराको टुक्रा चियामाथि आँखा माँड़दा पसेछ र चियामा घिऊ तर लागे जस्तो भएछ । मलाई के थाहा र त्यो घिऊ हो या कचेरा । आनन्दसाथ चियापिइकन मात्र मुख-गोड़ा धुन

गएँ । त्यसपछि 'सरी–दाजू'-लाई पत्र लेख्न पसें । मानो कुनै एउटा भावुक कवि कविता कोर्न बसे झैं ।

भारत स्वतन्त्र भएको दुइ तीन महीना अघिदेखि पाठशाला जान थालेको १९६४ सम्म दशौं श्रेणी उतीर्ण हुन नसकेको तीव्र 'ब्रेन'-लाई कल्पनाको 'भारत ब्लेड'-ले तिखारेर पत्र लेख्न कम्मर कसें ।

"अपरिचित भए पनि हृदयकी.....

प्यार !

तिमी मसँग परिचित छ्यौ या छैनौ, त्यो म जान्दिन, तर म ता तिमीसँग राम्ररी परिचित छु; तिमीलाई चिन्छु । झन् हिज दिउँसोको दुइ छिटा पानीले ता मलाई जीवन-भरको निम्ति परस्यो । 'सरी दाजू' यी दुइ शब्दले ता आन्तरिक हृदयमा उमंग उल्लास भरिदिएको छ भन्नमा अत्युक्ति नहोला । ती दुइ शब्दले म आँसी–पूर्णको बहुला झैं भएको छु । तिम्रै यादले गर्दा निद्रा देवीले पनि उसको सुन्दर काखबाट मलाई बञ्चित गराइन् सायद तिमीप्रति म मा एकमय प्रतिशत माया रहँदा म प्रति तिम्रो माया एक प्रतिशत ता होला नी ! कृपया मेरो निम्ति एक एक प्रतिशत माया (तिम्रोमा) भए दुइवटा शुन्य (एकप्रतिशतको) पछाडी थपीदिएर तराजुमा तौले बराबर हुन्थ्यो । म ता तिमीले 'यो' पत्र ग्रहण नगरे आँसुको सागरमा गोता खाँदै मर्नेछु । नमरी बाँचे पनि, पग्लेटा चुड्रिएको झिंगा र पुच्छर चुँडिएको 'भाले मुर्गो' झैं हुनेछ । म माथि दया गर... दया गर ...। भगवानले तिमीलाई हेर्नेछन् । साह्रै रिस उठेपनि तिम्रै तर्फबाट "राँची"–मा भर्ती गरिदेऊ, नत्र तिम्रै घरको छेउमा एउटा कुवा बनाइ देऊ—म तिम्रै आँखाको छेउमा मर्छु । झुठा नसम्झ साँचो भन्दैछु....मर्नेनैछु । यस्तो लेखेकामा क्षमा प्रार्थी छु—बुझ्ने चेष्टा गर लौ प्रत्युत्तरको प्रतीक्षामा ।

इति—

परिचित दाज्यू,

'म'

मैले त्यो दिन पत्र साथसाथै 'अटोग्राफ' पनि पठाएँ । कसरी पठाएँ सुन्नुहोस् !

उ सँधै (उसको) घरको पान दोकानमा आउँथी । एक दिन (उसलाई चिट्ठी दिनका निम्ति) र एउटा पान किने । "यो चीज 'फलाना'-लाई दिनु भनी पानवाला-लाई सुम्पी पार्नलाई दुइ खिली 'नम्बर टेन' र एउटा पान किने । "यो चीज 'फलाना'–लाई दिनु भनी पानवाला–लाई अह्राएँ उसले 'त्यो' चीज राख्यो । बेलुकी भयो—रात पऱ्यो तर निद्रा चाहिं हरायो । यादले सतायो, मुटु खायो—बिहान भयो आँखा निद्रा नपाएकोले रातै थियो । उठेर सिधै पान दोकानमा गएर सोधें । ठिकै एउटा 'पत्र र अटो' रहेछ । खोलेर पढ़ें ।

लेख्की रहेछ—

अपरिचित तिमी,

आज परिस्थितिको हुरीले हाम्रो मेल गरायो तर यही हुरीले हाम्रो बिछोड़ गराउँला । तसर्थ सम्झना स्वरूप यहि (तिम्रो जीवनमा मेरो) लेखाई रहला । इति—

उहि 'तिम्रो'

म साह्रै प्रसन्न भएँ । आँखामा त्यहि पानदोकानको पान भिजाउने पानीले आँखा अलि २ भिजाएर फेरि एकपल्ट पत्रमा नजर दौड़ाएँ—

"दाज्यू म ता तिमीलाई चिन्दिन, जान्दिन खालि तिम्रो मनको सन्तोष 'हावा'-मा 'ओटो'-मा चाहिं लेखिदिदैछु । नरिसाउनु होला—पागल नहुनु होला—'सुसाइड' पनि न गर्नु लौ तिमीले

प्यार दिएको रहेछौ, तर म तिम्रो जीवन बर्बाद गर्न चाहन्न । हुन तो म तिमीले भन्दा बढ़ता प्यार गर्छु, तर के गर्नु ! अफसोसको कुरा कि क्लासमा पढ़्दा पढ़्दै एक्कासी लड़ेर मेरो जिब्रो काटियो—फलतः म गुँगी भएँ—अलि २ लेख्न मात्र जान्दछु । अस्ति 'सरी दाजू' भन्ने म तो होइन तर मेरी बहिनी पो हो । म तो बोल्न सक्तिन मेरो भूलमा बहिनीले पो माफ (सरी दाज्यू)

मागेकी थिई ।

तिमीले मलाई प्यार गरेकोमा सरी छ दाज्यू !"

सूर्य्यले किरण फिजाई सकेकोरहेछ । म झसंग भएर उठें । स्वप्न जगतलाई छाड़ेर वास्तविक जगतमा । म आफैलाई हाँस उठ्यो—, तर अझै पनि यी दुइ कर्ण-विवरमा गुँजीरहेको छ उहि सरी दाज्यू ।

अकाल किन ?

टंकराज राई, दशम् श्रेणी

यस 'स्पुतनिक' युगमा,
प्रगतिशील विज्ञान–क्षेत्रमा,
समाजवादी ढंगको समाजमा,
कल्याणकारी राज्यमा,
पनि—
धन्य छन् अक्सरवादीहरू !
सादर मेरो नमस्कार छ
अमान्य 'करप्टेड लिडर'–हरूलाई
जय होस् जगमा उनीहरूको
नित उनका क्षय होस्—
प्रातःस्मरणीय दैत्यहरूको !
देशको भावी नानीहरूले
पूजा गरोस् उनीहरूको भनी—
'त्वमेव भ्रष्टाचारी चः अवसरवादी ।'
हे हरि !
धन्य उहाँको अमर सृष्टि ।
मानव कि दानव, 'दानवता' कि 'मानवता'
धन्य ! धन्य !! भेंडाका रूपमा मेड़िया ।
दीन हीन जनताका
'एलिमेन्टरी कानेल' 'एम्पटी' हुँदा
हाम्रा समाज सेवी नेताहरूलाई
त्रास लाग्छन् ठुला ।
आखिर किन ?
उनका फोसो घमण्ड
खोको दिखावट
सर्व हितैषीपन—
पूर्ण साकार हुन्छन् !
कहाँ आज अयोध्या पति राम,
कहाँ छ नटनागर घनश्याम
कहाँ नेहरू, कहाँ राष्ट्रपिता
यस्ता 'करप्शन'-मा—
सब भो वेपत्ता ।
हामी सबै 'भारती'-का लाल
अब मर्ने छौं त्यसै बेकाल
मर्नेछ साथै मिस्टर 'लाल' ।
छैन तलवार, छैन ढाल
किन कि—
भारतमा—
दिग-दिगन्त छ अकालै अकाल !!

त्यहाँदेखि स्कूल भाग्नछोड़े

गोपाल महत छेत्री, पाँचौं श्रेणी

भोटाङको दक्षिण भागमा अवस्थित चिराङ एउटो सानो महकुमा हो ।

यहाँ नेपालीहरू बसोबासो गर्छन् । यसलाई खोला, नाला, बनजंगल आदिले घेरेको छ । विशेष यहाँका मानिसहरू खेती गर्छन् ।

यहाँका बालक बालिकाहरूलाई शिक्षा दिनु निकै प्राथमिक पाठशालाहरू खोलिएका छन् ।

यिनै पाठशालाहरू मध्ये म पनि एउटामा अध्ययन गर्थें । एक दिन म सधैं झैं आफ्नो पाठशाला गएँ । बाह्र बजेको छुट्टी भएपछि साथीहरूसित मिलेर एउटा सानो खोलामा पौरी खेल्नु मतो मिलायौं । अनि गयौं पौरी खेल्नु । खोलाको नाम थियो 'चाचे खोला' ।

खोलामा पुगेर पौरी खेल्दा खेल्दै पाठशाला लागेको पत्त पाएनौं म र एकै चोटि साँझ परे पछि हामी घरमा फिर्यौं ।

खोलादेखि निकै माथि गुराँसे भन्ने डाँडा थियो । यही डाँडाको केही अघि थियो हाम्रो पाठशाला । खोलाबाट घर फिर्दा, गुराँसे डाँडा आइपुग्दा नपुग्दा साँझ परि गयो । अन्धकारको साम्राज्य क्रमशः फैलियो । त्यहाँ पुगेका के थियौं एउटा डरलाग्दो आवाज हामीले सुन्यौं । त्यसको केही पछि एउटा डर लाग्दो स्वरूप भएको मान्छे हामीतिर लम्कँदै आइरहेको देख्यौं । यो मान्छेको रंगरूप रक्तवर्णको थियो । यसलाई देख्ती हामी सबै दगुर्न थाल्यौं पाठशालाको छेउ नपुगुञ्जेल । अन्त्यमा हामी सबै घर पुग्यौं । त्यो डरलाग्दो कुराको वर्णन आफ्ना माता पितालाई सुनायौं । अनि पितालेे अबदेखि त्यसरी पौरी खेल्न नजानु भन्नु भयो ।

त्यहाँदेखि मैले स्कूल भाग्नपनि छोड़े । चिराङमा अनेक ठाउँमा यसरी नै तर्साउँछ । राती हिंड़न आजपनि मलाई साह्रै डरलाग्छ ।

म मर्न चाँहदिन.....!

रत्न प्रसाद उपासक, नवम् श्रेणी, (विज्ञान)

म मर्न चाँहदिन,
कारण! मैले यस लोकमा केही गरी जानु छ ।
केही नगरी म मरें भनें.....
यस लोकमा आएको व्यर्थ छ ।
कति महान पुरुषहरू यस धरतीमा आए गए,
तिनीहरूले यहाँ यश-कीर्ति कमाए गए ।
मैले पनि यस धरतीमा महान भएर जानु छ,
नत्र लोकमा जन्मेको व्यर्थ छ । ●

भग्न–अवशेष

ले०—भीम सुब्बा, दशौं श्रेणी, (विज्ञान)

आज दिन धूम्मिएको छ। म खिड़कीको छेउमा बसेको छु। अलिक पर आँगनको डिल–नेर गुलाबको सानो झ्याङ छ, त्यहाँदेखि उता मकैको बोटहरू, अझै पर धूप्पीको लामो लामो रूखहरू, हावाको मन्द गति संगसंगै एकदमै बिस्तारो हल्लिदै छ। यी—सिम–सिमे पानी पर्न थाल्यो, घरको छानाबाट बगेको पानी ठिक मेरो सामु खस्न थाल्यो। यी थोपाहरूका लयबद्ध तप ...तप...तप...कति मधुर सुनिन्छ। प...र कतातिर भाले बास्यो...वातावरण शान्त छ। मकैको बोटहरूको बेला बेलाको सर-सराहट... उ पर रूखमाथि कराइरहेको कागहरूको सम्मिलित आवाज....मेरो स्मृतिलाई...कता... कता...उड़ाइ लैजादैछ.....।

\+ + + +

हिंवा खोलाको त्यो त्रिवेणी बगर—माथि हिमालदेखि मुस्लिएर आएको पानी यहाँ फराकिलो भएर गएको छ। घाम निकै तल पुगेको थियो।

उ सधैँ झैं उस्को बाख्राहरू लिएर पारि बगरै बगर उकालो लाग्दै रहिछ।

मैले पनि सदा झैं हातमा भएको लौरोले एउटा पोथ्रालाई हिरकाउँदै उसलाई हेरिरहें। उस्ले पनि मलाई देखी एकछिन ठिङ्ग उभिई तर फेरि के संझेर हो कुन्नि छेवबाट जाँदै गरेको बाख्राको पाठालाई जुरूक्क उचालेर माउको पछि पछि कुदी। मैले एकछिन सम्म उस्लाई हेरिबसें अनि गाईहरू धपाउँदै उकालो लागें।

म सधैं यसरी नै हाम्रो एक हल गोरू एउटा गाई र एउटा बहर चराउनु तल खोला तिर झर्छु अनि बेलुकी यही त्रिवेणीबाट उकालो लाग्छु। उपनि त्रिवेणीबाट नै उकालिन्छ। उसको गाउँ सायद त्यतै कता पर्छ होला।

कहिले काँही म "हात्ती दुङ्गे" खेततिर जान्थें, उ पनि कोही बेला त्रिवेणीतिर देखा पर्दैन थिई। मलाई कस्तो कस्तो लाग्थ्यो।

यसरी नै दिन, हप्ता वर्ष बित्दै जाँदै थियो। कुनै साँझ उस्लाई नदेख्दा केही बिर्से बिर्से, हराएँ हराएँ जस्तो लाग्थ्यो।

कति चोटी मैले बारीबाट नै मेरो मनको भावहरू उस्लाई पोखाउने कोशिष गरें, तर यो हिंवा खोलाको गर्जन संग संगै मेरो हृदयको प्रणय गोतहरू कहाँ हराउँथ्यो कहाँ...यो चिसो पानीसित साथ लागेर मैले संगाली राखेको वाक्यहरू कहाँ पुग्थ्यो कहाँ।

हाम्रो माया कति उदेकको...यो हिंवा खोलाको पानी झैं...निर्मल...पवित्र।

× + + ×

"छिद्रिङ...छिद्रिङ..." म कुनै आवाज सुनेर झस्कें। सिनेमामा झैं श्रीमतीज्यूले मेरो नाक कै अघि उस्को हात हल्लाउँदै रहेछ।

"कसो ज्यू? भाव गयो कि क्या?" उस्ले व्यङ्ग हानी "गएको छैन भने पाकेटमा हाली राख है। पहिले चिया खाजा ता खाऊ। एका बिहानै खिड़कीमा बसेर के हेरेको।" एकै सासमा उ फत्फताई।

तिनी हुन् मेरो प्रमोदकी आमा। मेरो जीवन गाड़ीको "कलेण्डर" हुन आइपुगेकी दुई वर्ष हुनै लागिरहेछ।

अब ता यहाँ कै रैथाने भई सकियो। अब ता पहाड़ घरको ती मधुर यादहरूको भग्न अवशेष मात्र शेष छ।

यी नौ पनि बज्नै लागेछ, काममा जाने तर्खर पो गरूँ होला॥

भानुलाई

भू० छात्र—महेन्द्र राई,
कालिम्पोंग कालेज।

कसैले चाल नपाई एक रात सिर्मासमे असारमा
एउटा बालकको जन्म भएको थियो।
कालो मेघको एक झोंकमा किरिङ्ग मिरिङ्ग रेखा खिचियो—
सं० १८७०, तर दुनियाँलाई के वास्ता;
उनीहरू ता निन्द्रादेवीको शरणमा मस्त थिए, चाल पाएनन्।
न त्यसबेला जन्मोत्सव मनाइयो,
किन भने—बालकको संसार गरीब थियो।
उसको भाग्य लुप्त थियो।
उ एकलो थियो, लाचार थियो।१।
भोलिपल्ट विहानै—
रजनीले बालकलाई लुकाउन नपाउँदै,
धोबिनी चरी चोरको कान पकड़े झैं गरी चिच्याए—ए उषा! ए सूर्य!
हेर बनकली! छोड़ी गयो रजनीले यो बालकलाई नाङ्गै यसरी।
दुःख सबैको आफ्नै थियो त्यसैमा तिनीहरू व्यस्त पनि,
थपक्क उषाले बालकलाई छातीमा जोड़नसाथ,
सूर्य्यले न्वारान गरिदियो त्यसैबेला यो 'भानु भक्त'
हो भनी—।
अब बनकलीको पालो थियो—आमाको प्यार अर्पण गर्ने।
किनकि—त्यो खड़ेरीमा भानुलाई धुप होइन छाँया चाहिएको थियो।
त्यो जिन्दगीमा उसलाई उपहास होइन माया चाहिएको थियो!!
कालको मूखदेखि बचाएकी थिइन्—कारण भानुलाई
मृत्यु होइन, जीवन चाहिएको थियो!!
यसै गरी शान्त, सुन्दर रमघाको वातावरणमा भानुको यौवन बोल्न थाल्यो
राम र भिष्मको, आदर्शले उसको मन र मस्तिष्क सिंचिन थाल्यो।
कलममा शुद्ध, साधारण नेपाली अक्षरज्ञानको जन्म भयो।
काठमाडौंको मनोहर दृश्य सुनौला शैली र भावात्मक छन्दमा वर्णन गरियो।
रामायण काव्यमा रचियो—नेपाली सभ्यताको निम्ति,
नेपाली संस्कृतिको निम्ति,
नेपाली जातिको निम्ति
तर यो ता विधिको विधान मात्र रहेछ। एक खेल, एक स्वप्ना।
त्यस्तै एक रात ऐया ऐया भन्दा भन्दै भानुलाई टप्प टिपि लग्यो—निर्दयी,
निष्ठुरी यमले। कुन देश पुरायो, पत्तो लागेन, न लाग्ला.....।
फेरि ता एकै पल्ट केवल एकै पल्ट घोर अंधकार छायो चारै तिर
रून र रुवानलाई। तर—
भानुले छाड़ी गएता पनि,
न बिलाउन उनका गुण;
नदीका मूल सुकेता पनि,
न सुकुन ती प्रवाहहरू;
प्रकृतिमा कलंक भएता पनि,
क्षमा गरून् स्वरस्वतीले ती भूलहरू!!

Enter the Gladiators.

Ransacking !

Crossing the bar

Entertainments

CHHU MANTR—a magical entertainment

The corner where recording is made—(Oh, no, not gramophone)

मेरो टाइगर

पुरण कुमार राई, पाचौं श्रेणी

मेरोमा एउटा सानो कुकुर छ। त्यस्को नाम टाइगर हो। त्यसलाई सँधै दूध भात दिन्छु। म स्कूल जाँदा टाइगरपनि पछि पछि आउँछ। त्यसलाई म स्कूलमा संगै राख्छु। म त्यसलाई प्यारो गर्छु त्यस्ले पनि माया गर्छ। मेरो छुट्टी भएको दिन म टाइगरलाई नुहाइदिन्छु अनि म पनि नुहाउँछु। म राती सुन्दा त्यो बाहिर बस्छ र त्यस्ले आफ्नो काम गर्छ। एक दिन म बजारतिर गइरहेको थिएँ त्योपनि पछि आएछ बिचरा टाइगरलाई एउटा दुष्ट मानिसले लुकेर बन्दुकले मारिदिएछ। बिचरा टाइगरको प्राण गयो।

अन्धोको रोदन

केसर सिङ थापा, नवम् श्रेणी, 'ए'

मैले यस जगतमा जब जन्म लिएँ।
त्यस समयमा न मेरा आँखा थिए॥
लोकले राखे नाँउ अन्धो।
गर्न सकिन केहि काम धन्धो॥
मेरो निम्ति छन् चारैतिर अन्धकार।
केवल छ लौरो एउटै सहारा॥
शुन्यतामा नेत्रबाट आँशु बहाउँछु।
पागल तुल्य भई यो पथमा हिँड्छु॥

सृष्टिदाता व्यर्थ मलाई जन्म दियौ।
बनायौ त मलाई किन नेत्रहीन दियौ॥
न त संसारको अवस्था देख्न पाएँ।
न त सहज पूर्वक काम गर्न पाएँ॥
यस जगतलाई सुन्दरताले छाएको होला।
मेरो हृदयको करुण रोदन कस्ले सुनि देला॥
तँ अन्धो होस् भनेर गर्छन् म कन हेला।
बुझ्न सकिन प्रभो! यो भुवनको लिला॥

प्रोफेसर—"तिमीलाई कति सम्झाउनु! मेरो दारी काट्ने 'रेजर'-ले तिम्रो 'आइलिड' को पेन्सल नतिखार।"

स्वास्नी—"सत्र चोटी भनिसकें नपाईलाई, मेरो 'लिपस्टीक'-ले कालेजका केटा-केटीहरूको खाता नकाटनोस"

पारस गजमेर।

रहर पुग्यो

रामचन्द्र शर्मा, पाचौं श्रेणी

म जस्तो अभागीलाई यो संसार किन पो रान्रो लाग्दथ्यो र ? मलाई त संसार एउटा फूटबल जस्तो लाग्छ । साँच्चै संसारमा सबैभन्दा चाखलाग्दो चिज नै मेरोलागि फूटबल हो । मलाई यस संसारमा बसेर फूटबल हेर्न र खेल्न मन पर्छ, अरू कुरा त सुन्न पनि मन पर्दैन । तर आज त कहाँ जाऊँ । फूटबल हेर्न जाऊँ भने आज बिहिवार के को फूटबल ।

म सोच्दै गइरहेको थिएँ, कसैले मलाई डाकेको जस्तो लाग्यो र पछाडि हेरेको त निर्मलले मलाई बोलाउँदै रहेछ । त्यसलाई देखेर मलाई झनक रिस उठ्यो । त्यो दगुर्दै मेरो छेउमा आयो । मैले सोधें—कता हिंड्दिस् निर्मल ?

"गोली हेर्न" ।

"हन के भन्छ यो आज बिहिवार के को गोली छ ?"

क्या हो त अस्ति गुलमाल भएको थियो नि आज फेरि खेल्छ रे ।

कहिल्येको कुन टिमको कुरा गर्छ यो ? S. U. M. I. र Kumudini Homes क्या त सिनियर टीम !

ए आज गोली छ र ?

अँ !

म खुशीले नाँच्दै हिंड्न लागें । निर्मल पनि गीत गाउँदै थियो ।

मैले सोधें—लु भन् निर्मल आज कसले जित्छ ?

"कुमुदिनीले" ।

होईन S. U. M. ले मैले भनें

तँ कता पट्टि लाग्छस् ?

"कुमुदिनी" ।

किन ?

मेरो दाज्यू कुमुदिनी पढ्छ । तँ नि त ? म त S. U. M. I. हाम्रै स्कूल । भरै हेर्न कसले जित्छ ।

बाजी राख्ने त ?

कतिको ?

दुइ-दुइ रूपियाँको ।

"ल" ।

हामी यति कुरा गर्दै मेला टारमा पुग्यौं । २ (दुइ) बजेको थियो मेला टारमा कोहि थिएन । मलाई साह्रै रीस उठ्यो र ए मलाई किन छट्टु गरिस हँ भनेर पछाडि हेरेको त केटा अघिनै टाप । निर्मललाई चारैतिर हेरें अघि टाप दिएछ । म एकलै गुनगुनाउँदै त्यहाँदेखि फर्कें ॥

छोरा—(भूगोल पढ्दा पढ्दै हत्तारिएर) "बाबु, 'अलास्का' कहाँ छ ?"

बाबु—"हेर छोरा म त कामबाट लखतरान् भएर घर फर्कन्छु । तेरै आमालाई सोध कहीं राखेकी होली !"

पारस गजमेर ।

बीरेको दैनिक परिधिभित्र

सलोन कारथक, दशौं श्रेणी 'ए'

अन्धकार नाश भयो । खालिङ्ग बाजेको घरमा दोस्रोपल्ट भाले बास्यो...., कुकुरी....काँ । एकछिनमा टुकीको सानो प्रकाशले त्यो घरभित्र भएको अन्धकारलाई हटायो । यही प्रकाशमा एउटा मानव आकृति देखाहा पऱ्यो । त्यस आकृतिको फू....फूको प्रयासले चूल्हामा आगो धपक्क बल्यो ।

वर्षाको समय । खालिङ्ग बाजे मूसलधारे वर्षा भएकोले चाँड़ै उठ्यो । घरको पल्लो कुनामा तप्....तप् पानीका थोपाहरू धूरीबाट चुहिरहेको थियो बूढ़ो बाबुलाई सामुन्नेमा एक काँशे बटुकोमा तातो चिया राखिदिएर छोरा 'बीरे' आफ्नो धन्धा गर्न गोठतिर लाग्यो ।

पानी भने अझै परिरहेकै थियो । बीरेले सम्झ्यो—, अब पाठशाला कुन उपायले जानु ? घरमा एउटा पुरानो छाता छ । त्योपनि फाटेर पानी छिर्ने भइसकेको छ । सानी बहिनी 'गोरीमाया' आफ्नै धूनमा चूल्हाको काममा व्यस्त थिई । अहिले बीरे आफ्नो साधारण टेबलको पाठ्य पुस्तकहरू मिलाउँदै छ । बूड़ो बाबु आफ्नै धूनमा....।

बीरे अहिले गहन बिचारमा मग्न छ । शायद हिसाब नभए रेखागणितको कुनै प्रश्न हल भएन होला । यत्तिकैमा गोठबाट उसको बाबुले बोलायो—"बीरे ! चाँड़ो यहाँ आइज त, गाईले दाम्लो फुत्काएछ ।" बीरे कलमलाई त्यहीं टेबलमाथि छाड़ेर दगुऱ्यो । प्रश्न हल भएन । शायद यसरी नै कतिपय छात्र-छात्राहरूमाथि बाधा आइपरे .. अनि श्रेणीमा उपहासको पात्र भइरहेका होलान् ।

"दाज्यू ! भात खानु आउनोस् है ।" बहिनी गोरीमायाले चूल्हाबाट बोलाई । बीरे सरासरी चूल्हामा पस्यो अनि मिठो नमीठो नै भए तापनि मजाले भात खायो । तयारी भयो, छाता ओड़्यो । बाबुले एक रूपियाँको नोट दिंदै 'पीना र नून ल्याउनू' भनी अह्रायो । पानी भने अझै परेकोपरेकै थियो ।

निश्शुल्क भिजेर बीरे पाठशाला पुग्यो । मित्रहरूसँग 'गुड मर्निङ्ग' जप्दै झरी विषयमा चर्चा चलायो । अझै पाठशालाको समय भएको थिएन । सबै छात्रहरू आफ्ना-आफ्नै धूनमा व्यस्त । एक कुनामा तीन चार छात्रहरू गोलीको विषयमा चर्चा....। अर्कोतिर एक मुठी छात्रहरूको साहित्य विषयमा तर्क-वितर्क; घेरै छात्रहरूको बीचमा 'रेनी डे'-को ठूलो आशा....।

'रेनी डे'-को आशा विफल भयो । छात्र-हरूको 'लङ्गडो तर्क' भने अझै बाँकी नै थियो । दैनिक कार्यक्रम शुरू भयो खाजा खाने छुट्टी पनि भयो ।

"जाउँ बीरमान डाक-घर, एउटा लिफाफा किन्नु छ ।" बिक्रमले बीरेलाई आग्रह गऱ्यो । पाठशालाको चारैदिशादेखि छात्रहरूको भंगालो छुट्यो । बीरमान र बिक्रमपनि सोझै डाक-घर आएर लिफाफा किन्यो र बजारतिर लाग्यो ।

"चिया नपिउँनु ?" बिक्रमले बीरमानलाई "ललिता" चिया दोकानकै अघि सोध्यो ।

बीरमान चूप....। जाऊँ...जाऊँ, कोही वेला त उपास पनि बसौंन भन्दै, बिक्रम आफै बीरमानलाई धाप मारेर पाठशालातर्फ लम्क्यो ।

फेरि....समय भयो । पाठशालाको घण्टी बज्यो । छात्रहरू पुनः आफ्ना-आफ्ना काममा व्यस्त ।

वीरमान खुब परिश्रम गरेर पढ्दैछ । ठूला-ठालूहरूको आज्ञा पालन गर्नु उसको परम कर्त्तव्य छ । उसको चरित्रमा पनि ठूलो हाथ छ । श्रेणीमा बीरमान कहिले पनि पहिलो, दोस्रो औ तेस्रो भएको छैन । यसैले त उ आफै भन्छ—"मित्रहरू हो ! पास हुने ठीका चाहिँ लिएको छु तर के गर्नु पहिलो, दोस्रो र तेस्रो हुने ठीका चाहिँ जन्मदेखि नै लिएको छैनं, जन्मदेखि नै कसम खाए झैं छु ।" मित्रहरू उसको कुरा सुनेर खूब हाँस्छन् । बीरेको अर्को एउटा नराम्रो आदत छ । केटाहरू भएपछि खेल्नु-दगुर्नु खूब मन पराउँछ, तर बीरे कहिले पनि खेलकूदमा भाग लिंदैन । अस्ति बिक्रमले 'मेला ग्राउण्डको' कुरा उठाउँदा बीरेलाई खूबै व्यंग हानेको थियो । "हेर बीरे ! अहिले खेल्ने-दगुर्ने बेलामा पनि तिमी खेलेनौ भने भविष्यमा ठूलो धोखा पाउनेछौ ।" बीरेको मुखमा चुचो लागेको थियो । बिक्रमले अझै व्यंग हानेर भनेको थियो—"भविष्यमा बाबु भएपछि केटाकेटी लिएर यही मेला ग्राउण्डमा आउँदा निश्चय नै तिमीलाई पश्चात्ताप लाग्नेछ । केटा-केटीहरूलाई म पनि उहिले यो ग्राउण्डमा यसरी-उसरी खेल्थें, तिमीहरू पनि एकदिन खेल्ने छौ भन्नु कदापि सक्तैनौं । कारण....? बीरमानले प्रश्न उठाउँछ, बिक्रम हाँस्छ ।

पाठशालाको छुट्टी भयो । बीरे शुरूशुरू सबै साथीहरू भन्दा पहिले निस्क्यो । बाटोमा 'मुराईराम' मोदीको दोकानमा पीना र नून किन्यो । एकपल्ट पछिल्तिर फर्क्यो.....त्यस-पश्चात् शुरूशुरू घर आइपुग्यो । घरमा बहिनी गोरीमायाले दाज्यूलाई चिया खाजा ठीक बनाईदिई र आफै चाहिँ एक भाँडा मकै पिंध्न थाली । बाबु खेताला बाट घर फर्केको थिएन ।

साँझमा बीरेको घर-धन्दा सकियो । अब उ फेरि पाठशालाको पाठ दोहन्याउनुमा तल्लिन छ । टुकीको क्षण प्रकाशमा बीरेको मुहार हँसिलो देखिन्छ । चूल्हामा बहिनी गोरी आफ्नै काममा व्यस्त । अर्को तिर बाबु एउटा पुरानो गुन्द्रीमा ढल्किरहेको छ । शायद बीरे र गोरीको भविष्य सम्झेर होला । नभए निश्चय नै बीरेकी आमा सम्झेर.....। साँझमा तीन प्राणी खाई-पिई आफ्ना आफ्ना साधारण बिछ्यौनामा पसे । बीरे चाहिँ ध्यान मग्न पढ़िरहेथ्यो, निद्रा-लाई वशमा गराएर । तर.....लामखुट्टेको टि...नि...नि आवाज अनि टोकाईले गर्दा बीरेलाई फाटेकै घुसाभित्र भए तापनि सुत्नु बाध्य गरायो । एकैछिनमा उसले निद्रा देवीको वक्षस्थलमा प्रशस्त आनन्द पायो ।

....अनि फेरि । अन्धकार नाश भयो । खालिङ्ग बाजेको घरमा दोस्रो पल्ट भाले बास्यो, कु....कु...री...कों...॥

बाबु—(रिसाउँदै उठेर)—काले तँलाई त म देब्रे आँखाको त्यो कुनाले पनि हेर्न सक्तिन ।

काले—बाबु, तपाईंको देब्रे आँखाको त्यो कुना कमजोर रहेछ झट्ट जाँच नगराए झन बिगरन्छ है ।

दल बहादुर, दशम् श्रेणी

"नेपाली परम्परामा अन्धविश्वासको पोको"

संकलनकर्ता—पदम कुमार भुजेल र सन्त कुमार छेत्री ।

"हाम्रा विद्वान पूर्वजहरूमा फोहर सुग्घरको विशेष विचार थियो—नुहाउने, चुठ्ने, जूठो बार्ने, छुआछुतको सूक्ष्मातिसूक्ष्म अध्ययन गर्ने प्रथा त्यही सुग्घरीपनबाट उठेको हो । तर अन्धविश्वासले गर्दा सब खेल भनाभुङ्ग भए । अन्धपरम्पराले गर्दा वास्तविक वस्तुस्थितिमा ध्यान रहेन ।"—बालकृष्ण सम ।

हाम्रा जातिमा प्रचलित यस्ता धेरै अन्धविश्वासहरू छन्—ती मध्ये केही यहाँ संकलन गरिएका छन । समजमूले भनें कुँ यी जम्मै अन्धविश्वासका पछि केही न केही वैज्ञानिक तथ्य लुकेकाहुन् । यस कुराको अनुसन्धान विज्ञ जनबाट गरिए—हाम्रा पूर्वजका उत्तम विचारशक्तिको परिचय प्राप्त हुनेथियो कि ?—स०

रानी पैना नहेर्नु, रानी घर नबढ़ारनु, रानी हर्दी र चूना नमांग्नु, रानी सुसेला नमार्नु, रानी सुल्दा सबै भाँड़ाहरूमा पानी भर्नु; जन्मेको दिन केश नकाट्नु, आमा-बाबू नमरूञ्जेल जुंघा नकाट्नु, अण्डा वा खोर्सानी हातमा नदिनु, पहेलो घाममा बाहिर ननिस्कनु, औंसी पूर्णिमा नहुल्नु, घुँड़ा मारेर नबस्नु, भात खाँदा—जूधा ताश खेल्दा हाथ नटेक्नु, चूलामाथि नकुल्चनु, खुट्टा फर्काएर नबस्नु, रित्तो कोक्रो नहल्लाउनु, रित्तो डोको नछोप्नु, जाँतोमाथि नबस्नु, हाथ चिलाउँदा पैसा आउनु, खुट्टा चिलाउँदा हिँड्नु पर्ने, कूचो ठाड़ो नराख्नु, बाबु-छोरा संगै मलामी नजानु, कुममा हाथ नछुन्, साउनमा नङ्, केश केहि नकाट्नु, पूजा कोठापट्टि खुट्टा नफर्काउनु, घरको अगाड़ि खाल्डा नखन्नु, भँडारमा नपस्नु, अगुवा चीजहरू भगवानलाई चढ़ाएरमात्र खानु, तीनजना सँगै कतै ननिस्कनु, बत्ती बत्ती नजोड़नु, आठ-बाह्रले पिरनु, गड्याङ्-गुडुङ्ग गर्दा आँगनामा लोहोरो हाल्नु, सिरानमुनि हथियार नराख्नु, ताँबाको भाँड़ालाई खुट्टाले नछुन्, ओछ्यान दुई जनाले न ओछ्याउनु, जिउँदो मानिसलाई चारजनाले नबोक्नु, पुड़के मान्छेले मेलो नथाल्नु, मंगलबार नछुट्टिनु—शनिवार नमिसिनु, निधार टूलो भएको भाग्यमानी, पोथी बासेको नराम्रो, जीऊमा लुगा नसिलाउनु, सिलाईहाल्यो भने "अड्या" भन्नु सेतो टालो टाउकोमा नबाँध्नु, कुकुर फ्याउरो रानी कराए मान्छे मर्नु, कुचोले नहिर्काउनु, लुगा उल्टा नलाउनु, मंगलबार केश नकाट्नु, काली बिरालोले बाटो काटेको नराम्रो, बिहामा पानी आए बेहुला बेहुलीले डाढ़ू चाटेको, लोग्ने मान्छेकोनिति दाहिने आँखा फुर्फुराएको राम्रो, देब्रे नराम्रो आईमाई मान्छेकोनिति देब्रे आँखा फुर्फुराएको राम्रो, दाहिने नराम्रो जेठो छोरोले जेठमा फर्सीको मुन्टा नखानु, बाबु-आमा नहुनेले गिदी—जिब्रो नखानु, बाटोमा मरेको मान्छे भेटे राम्रो, बिहा भेटे नराम्रो, जिब्रो टोके मासु खान पाउने, मान्छे ननाँघ्नु, बाढ़ूरी चल्दा आफन्तले संभालु ॥

● ● ●

? ? ?

ले०—गोविन्द नारायण प्रधान, नवम् श्रेणी, खण्ड 'ए'

मलाई बुवाले सन्तोषसंग उसैको पाठशालामा भर्ना हुनु पठाउनु भएको थियो, यस पाठशालाको यश सुनेर । कालेज होस्टेलको रूम नम्बर "२५" मा त्यस रात बसेका थियौं । अमावस्यको रात प्रायः १२ बजे ! केवल तारा मण्डलहरू टिलपिल टिलपिल गर्दै भएता पनि मधुरो प्रकाश दिइरहेका थिए । चारै तर्फ चकमन्न ! किट-पतङ्गका झंकार, मास्तिर स्याल कराएको हा.....उ.....हा.....उ-को आवाज सिवाय अरू मेरो कानमा गुञ्जन पुगेको थिएन ।

नौलो ठाउँ हुनाले होला निद्रादेवीपनि म संग पर परै भाग्थिन् । यसैकारण मोमबत्तीको सहारा लिएर "सुमाइट" पढ़िरहेको थिएँ । कता कता दैलो ढक-ढकाएको आवाज यो कानमा पर्न गयो । पलङ्गबाट झरेर चप्पल लाउँदै सन्तोषपट्टि नजर दौड़ाएँ, उसलाई त निद्रा देवीले अघिनै आफ्नो प्यारो काखमा लगिसकेछिन् । विस्तार दैलो खोलें, एकासी सामने एक युवती सेतो वस्त्र धारण गरेकी मेरो नजरमा पर्न गयो । मलाई यो देखेर भय उत्पन्न भयो । भयलाई काबुमा राख्दै उसलाई राम्ररी नियालेर हेर्न थालें । उसको भाव भङ्गी हेर्दा यस्तो देखिन्थ्यो कि उसलाई कसैले पिछा गरेर, सहाराहिन भई सहारा मागिरहेछ । मेरो मुखबाट एकासी शब्द निस्क्यो "तिमी को हौ ? कहाँबाट यति रातमा एकलै, तिमीलाई के भयो ?" उसले भयले काँपिरहेको स्वरमा भनी "मलाई घर सम्म मात्र पुराई दिनु हवस् । तपाईंको दया भए पिलिज दाई ! पिलिज !" उसको त्यो करूणामय वाक्यले के भयो के भएन मलाई पत्तो छैन । मैले प्रश्न गरें—"घर कहाँ छ ?" उसले औंलाउदै—"उ त्यहीं हो देख्दै गरेको विलडिङ्ग ।" विलडिङ्गलाई टाडैबाट अहंगै राम्ररी नै देख्न सकिन्थ्यो । बिजुलीको मधुरो प्रकाशले अमावस्यको रात भएता पनि पूनमको रात हो भन्ने भान पर्न जान्थ्यो । मैले हिंड़ पुराइ दिन्छु भन्ने इच्छा प्रकट गरें । उ अघि अघि म चाँहि पछि पछि लागें । नौलो बाटो साथै ठाउँ ठाउँमा अध्यारो हुनाले डर लाग्दै भएता पनि घरसम्म पुराई, बस भनी विदा मागिरहेको बेला उसले चिया पिएर जान हवस् भन्ने आग्रह गरी । उसले ढिपी लगाएकोले मलाई वस्न कर लाग्यो । मलाई "सिटिङ्ग रूम" मा राखी उ भित्र पसी ।

घरमा सर्वपरिवार निद्रा देवीको काखमा भन्ने भान त्यो सुनसानमय वातावरणबाट ज्ञात हुन्थ्यो । सोफा अति नै लचकदार थियो । मैले त्यस रूमको चिज-बीज, तस्वीर तर्फ नजर दौड़ाए । कुनै कुरो पनि प्रकाशमय थिएन । केवल धमिलोपना मात्र देखिन्थ्यो । सपना हो कि विपना हो भनि फिला चिमोटी हेरें तर म थिए जागृत अवस्थामा मलाई यस्तो लाग्यो कि यी सब निद्राको कारणले पो हो कि । एक क्षण पछि उ आई मेरै छेउमा बसी । मलाई अलि असजिलो लाग्यो र अलि पर सरी बसें । उसको जीउ सिन्का जस्तो सुकेको भएता पनि सुन्दरताको रेखा उसको मुहारमा झल्कन्थ्यो । उसले आफ्नो विगत जीवनको घटित घटनाहरू मेरो नजरमा चल चित्र झैं राख्दै थिई । विशेष उसको शुभ

मेरो टाइगर

पुरण कुमार राई, पाचौं श्रेणी

मेरोमा एउटा सानो कुकुर छ। त्यस्को नाम टाइगर हो। त्यसलाई सँधै दूध भात दिन्छु। म स्कूल जाँदा टाइगरपनि पछि पछि आउँछ। त्यसलाई म स्कूलमा संगै राख्छु। म त्यसलाई प्यारो गर्छु त्यस्ले पनि माया गर्छ। मेरो छुट्टी भएको दिन म टाइगरलाई नुहाइदिन्छु अनि म पनि नुहाउँछु। म राती सुत्दा त्यो बाहिर बस्छ र त्यस्ले आफ्नो काम गर्छ। एक दिन म बजारतिर गइरहेको थिएँ त्योपनि पछि आएछ बिचरा टाइगरलाई एउटा दुष्ट मानिसले लुकेर बन्दुकले मारिदिएछ। बिचरा टाइगरको प्राण गयो।

अन्धोको रोदन

केसर सिङ थापा, नवम् श्रेणी, 'ए'

मैले यस जगतमा जब जन्म लिएँ।
त्यस समयमा न मेरा आँखा थिए॥
लोकले राखे नाँउ अन्धो।
गर्न सकिन केहि काम धन्धो॥
मेरो निम्ति छन् चारैतिर अन्धकार।
केवल छ लौरो एउटै सहारा॥
शुन्यतामा नेत्रबाट आँशु बहाउँछु।
पागल तुल्य भई यो पथमा हिँड्छु॥

सृष्टिदाता व्यर्थ मलाई जन्म दियौ।
बनायौ त मलाई किन नेत्रहीन दियौ॥
न त संसारको अवस्था देख्न पाएँ।
न त सहज पूर्वक काम गर्न पाएँ॥
यस जगतलाई सुन्दरताले छाएको होला।
मेरो हृदयको करुण रोदन कस्ले सुनि देला॥
तँ अन्धो होस् भनेर गर्छन् म कन हेला।
बुझन सकिन प्रभो! यो भुवनको लिला॥

प्रोफेसर—"तिमीलाई कति सम्झाउनु! मेरो दारी काट्ने 'रेजर'-ले तिम्रो 'आइलिड' को पेन्सल नतिखार।"

स्वास्नी—"सत्र चोटी भनिसकें तपाईलाई, मेरो 'लिपस्टीक'-ले कालेजका केटा-केटीहरूको खाता नकाटनोस"

पारस गजमेर।

रहर पुग्यो

रामचन्द्र शर्मा, पाचौं श्रेणी

म जस्तो अभागीलाई यो संसार किन पो राम्रो लाग्दथ्यो र ? मलाई त संसार एउटा फूटबल जस्तो लाग्छ । साँच्चै संसारमा सबैभन्दा चाखलाग्दो चिज नै मेरोलागि फूटबल हो । मलाई यस संसारमा बसेर फूटबल हेर्न र खेल्न मन पर्छ, अरू कुरा त सुन्न पनि मन पर्दैन । तर आज त कहाँ जाऊँ । फूटबल हेर्न आऊँ भने आज बिहिबार के को फूटबल ।

म सोच्दै गहरहेको थिएँ, कस्सैले मलाई डाकेको जस्तो लाग्यो र पछाडि हेरेको त निर्मलले मलाई बोलाउँदै रहेछ । त्यसलाई देखेर मलाई झनक रिस उठ्यो । त्यो दगुर्दै मेरो छेउमा आयो । मैले सोधें—कता हिंड्दिस् निर्मल ?

"गोली हेर्न" ।

"हन के भन्छ यो आज बिहिबार के को गोली छ ?"

क्या हो त अस्ति गुलमाल भएको थियो नि आज फेरि खेल्छ रे ।

कहिल्येको कुन टिमको कुरा गर्छ यो ? S. U. M. I. र Kumudini Homes क्या त सिनियर टीम !

ए आज गोली छ र ?

अँ !

म खुशीले नाच्दै हिंड्न लागें । निर्मल पनि गीत गाउँदै थियो ।

मैले सोधें—लु भन् निर्मल आज कसले जित्छ ?

"कुमुदिनीले" ।

होईन S. U. M. ले मैले भनें

तँ कता पट्टि लाग्छस् ?

"कुमुदिनी" ।

किन ?

मेरो दाज्यू कुमुदिनी पढ्छ । तँ नि त ? म त S. U. M. I. हाम्रै स्कूल । भरै हेर्न कसले जित्छ ।

बाजी राख्ने त ?

कतिको ?

दुइ-दुइ रूपियाँको ।

"ल" ।

हामी यति कुरा गर्दै मेला टारमा पुग्यौं । २ (दुइ) बजेको थियो मेला टारमा कोहि थिएन । मलाई साह्रै रीस उठ्यो र ए मलाई किन छट्टु गरिस हँ भनेर पछाडि हेरेका त केटा अघिनै टाप । निर्मललाई चारै-तिर हेरें अघि टाप दिएछ । म एकलै गुनगुनाउँदै त्यहाँदेखि फर्कें ॥

छोरा—(भूगोल पढ्दा पढ्दै हत्तारिएर) "बाबु, 'अलास्का' कहाँ छ ?"

बाबु—"हेर छोरा म त कामबाट लखतरान् भएर घर फर्कन्छु । तेरै आमालाई सोध कहीं राखेकी होली !"

पारस गजमेर ।

विवाह विषय कुरा अति नै डर लाग्दो अनि दुःखमय थियो । यसरी नै प्रायः डेढ़ दुइ घण्टा वितिसकेको हुँदो हो । मलाई घरिघरि त ग्लानि पनि उत्पन्न हुन्थ्यो जब त्यो माघको चिसो सिरेटोले मलाई कमाउँद थियो । अब त जानपऱ्यो भन्न लागेको थिएँ सायद मेरो भाव भङ्गी बुझेर होली, उ भित्र पसी । क्षण पछि "ड्रेमा" चिया लिएर आई, उसले दुइ प्यालामा चिया हाली र एक प्याला मेरो अघि सारेँ पिउन हवस् भन्ने आग्रह गरी । उसले भन्दै थिई— "वहाँले मेरो गलामा माला पहिराइ-दिनु भयो । मैले पनि वहाँको त्यो सुन्दर भन्दा पनि अति सुन्दर गलामा वरमाला यसरी पहिराई दिएं" भन्दै मेरो गला तर्फ हाथ बढ़ाई । मलाई कस्तो कस्तो लाग्यो र उसको हाथ पनसाउन भनि मैले त्यो सुकोमल हाथ च्याप्प के समाएथिएँ । त्यो नरकंकाल पो समाउन पुगेछु । त्यती बेलै सातो पुल्लो उड़ेको बेला कसो कसो गर्दा मेरो नजर उसको त्यो सुन्दर मुहारमा पर्न गयो केवल टोड़का परेको खप्परमा । म चिच्याएँ, गोहार मागें । त्यस पछि के भयोः पत्तो पाँइन ।

बिहान होस्पिटलमा नर्स आई मुख धुन भनि उठाउँदा पो मेरो होस् आएछ । उसको त्यो वस्त्रले म हेरेको हेरेकै भएछु । मैले मुहार ऐनामा के पुराएको थिएँ, म झस्कें त्यो निधारको ठूलो चोटले । त्यस बखत पो त्यो घटनाको दृश्य चलचित्र झैं अघि नाच्न थाल्यो । होस्पिटलबाट छुट्टी पाएपछि प्रथमतः त्यही कुरोको खोज गर्न म तल्लिन भए । उनीहरूले मलाई जहाँ लड़िरहेको भेटाएको थियो त्यही पुराई दिए । आज त्यो सुन्दर बिलडिङ्ग थिएन तर थियो केवल झार पात उस्तैर विरक्त लाग्ने भग्नावशेष मात्र तर जे हो ती बिचरी मध्य रातकी ठिटी को थिइ होली ?

●

निष्ठुर काल

धनमान तामाङ्ग, दशौं श्रेणी (विज्ञान)

विशाल विश्वको प्राङ्गणमा ।
निर्दयी प्रकृतिको काखमा ॥
अधुरो जीवन लिई कन ।
हर दिन दुःखमा बितिरहेछ ॥

संसार भ्रम हो कि ! साँचो वा ?
केही ज्ञान छैन रति मलाई ॥
स्वयं आफ्नै विषयमा पनि ।
ज्ञात छैन आज केही हाय ॥

अल्प जीवनको अवधीमा ।
बहुमूल्य समयको वास्ता नगरी ॥
ओइलिएको संझना हृदम्बुरूहमा ।
जीवन यापनमा लागि रहेछ ॥

अधूरो जीवन अंगाली मैले ।
विक्षिप्त तुल्य बनीकन ॥
केवल मनुष्यको गन्तिमा ।
जीउनु कर लागि रहेछ ॥

एक बारको छोटो जीवनमा ।
के रहेछ मेरो भाग्यमा ॥
पाईन तर्नु स्वार्थी जाल ।
आएन मेरो निष्ठुर काल ॥

■

त्यो अतित यो वर्तमान

दोजी छिरिंग, एघारौं श्रेणी (कला)

हस्पा दिनदेखि सरजिकल वार्डको दश नम्बर पलंगमा दिपकको कान्तिहिन निर्वल शरीर आफ्नो मृत्युको घड़ीको प्रतीक्षामा छ । विधिको बिडम्बना –जुन खाटमा आज दिपक थियो त्यही पलंगमा आजको प्रायः दश वर्षअघि उसकी सुमाले चिर बिश्राम लिएकी थिईन् । यसरी नै उसको मानसपटमा अतितका ती तिता स्मृतिहरूले बिस्तारै आफ्ना पृष्ठ पल्टाउन थाले ।

× + + ×

आज भन्दा लगभग १४ वर्षअघिका दृश्यहरू उसको नेत्रअघि चलचित्रझैं नाच्न थाले । त्यस समय दिपकको परिवार दरिद्रतामा डुबेको भए तापनि सुखी र आनन्दमय थियो । परिवारको नाउँमा सुमा र उ दुई मात्र । शहरको कोलाहलमय वातावरणको दुई ठूला ठूला बिल्डींगको मध्य एउटा गल्लीको साँघुरो झुप्रोमा ती दुई प्राणीको एक सानो संसार थियो । दश वर्षको हुँदै दिपक पितृहीन भई समाजद्वारा दुत्कारको उपाधि पायो । मर्न भन्दा अघि दिपकको पिताको ठूलो अभिलाषा थियो—आफ्नो एक्लो प्यारो छोरोलाई पढ़ाउने.. ...तर कालको क्रूर गतिले उनको अभिलाषालाई छिन्न-भिन्न पारी उनलाई यस संसारदेखि हरेरलग्यो । अंतिम क्षणमा दिपकका पिताले आफ्नी पत्नीको हाथ-लाई सुमसुमाउँदै कम्पित स्वरमा भनेको थियो, "सानी ! दिपकलाई पढ़ाउने मेरो ठूलो इच्छा थियो तर सायद अब मेरो यो इच्छा यस जर्जर शरीरको साथ साथै चितामा जली खाक हुन्छ होला;—तर सानी ! मलाई बचन देऊ, म मरेपछि तिमीले हाम्रो रगत र मासुको यस सृष्टिलाई पसिना काढ़ेरपनि पढ़ाई मेरो अन्तिम अभिलाषालाई पूर्ण गराउने छ्यौ" त्यसबेला सानीले गहबाट आँशुका बिन्दुहरू खसाल्दै वचन दिएकी थिईन्, "स्वामी ! म बरू हाड़ र छालाको होउञ्जेल खटूँला तर छोरोलाई कसै गरेर पनि पढ़ाउने छु ।"

यसैले सानीले आफ्नो पतिको निधनपछि आफूले दिएको बचनलाई पूर्ण गर्न कम्मर कसिन् । अर्काको जूठो-भाँड़ो माझेर, चाकरी गरेर, दश जनाका गाली र अपशब्दहरू सुनेर पनि दिपकलाई लगातार स्कूल पढ़ाईन् । यसरी सानीले रगतको पसिना चुहाएर दिपकलाई नौ क्लाससम्म पढ़ाउने सफल भएकी थिईन् । दिपक आफ्नी सुमाको परिश्रमको कमाईलाई उचित रूपमा उपयोग गरिरहेको थियो । गरीब घराना र कठिन परिस्थितिमा हुर्केको हुनाले दिपकले पैसा र समयको मूल्य राम्ररी चिन्दथियो । यसकारण उ कठिन परिश्रम गरेर पढ़्थ्यो । फलस्वरूप उ सधैं कक्षामा प्रथम हुन्थ्यो । बृद्धा भए तापनि दिपकको सुमा दिन-रात कठिन मेहनत गर्दथिन् अनि चाहन्थिन्—दिपकपनि भविष्यमा अरू सम्पन्न घरानाका आदर्श युवक झैं सुखी अनि आनन्द रहोस् । समाजमा आफ्नो एउटा बेग्लै व्यक्तित्व राख्न सकोस् । यसैले उनी असाध्यै काममा खट्थिन् तर उसको इच्छा पूर्ण हुनसकेन । बृद्धा, निर्बल, कति दिनसम्म यस्ता कठोर धरतीमा खट्न सक्थी र ? एकदिन उसको जर्जर शरीरलाई रोगले ग्रस्त पाऱ्यो । तिनले पलंग पक्रिन् ।



Sonam Topgye—Winner, Bhaju Ratna
Memorial Championship Trophy,
Senior Division, S.U.M.I.
Sports 1964.

Sports

'Shake of Good-luck'

Champion—Bhaju Ratna Memorial Trophy
Junior Division

आज हप्तादिन भईसक्यो दिपककी सुमा थला परेकी । घरको मुलनै असहाय भएकी हुनाले घर-खर्च चलाउने बाटोनै बन्द-भएथ्यो । छर-छिमेकीहरूलाई पनि कति गोहार मागोस् ? यसरी दवाईको अभाव र योग्य भोजनको कमीले गर्दा रोगीको अवस्था प्रतिदिन बिग्रँदै जानथाल्यो । दवाई-पानी र रासिन जुटाउँ भने घरमा पैसाको नाउँमा फुटेको कौड़ी छैन, फेरि यस आधुनिक स्वार्थी युगमा असहाय र निर्वलको सहायता कस्ले पो गर्ने ! यसरी घरको दारूण स्थिति र सुमाको अवस्था देख्दा दिपकको कोमल हृदयमा ठूलो चोट पर्न गयो । उसले आफूलाई एकलो, असहाय र निर्वल पायो । तर उसले हरेस खाएन, साहस छाड़ेन । बृद्ध सुमालाई छिमेकीहरूद्वारा गोहार मांगी अस्पतालमा भर्ना गऱ्यो । त्यस-दिनदेखि उसको स्कूल छाड़्यो परिस्थितिले छाड़्न वाध्य गरायो—पढ़े र मात्रै पेट भरिने रहेन छ भन्ने समस्या साँचो रूपमा देखा पऱ्यो । संसारमा बाँची बस्नलाई काम पर्नुपर्छ, चाकरी गर्नुपर्छ । यसैले उसले नौकरीको खोजीमा प्रत्येक आफिस र दप्तरको धूलो छान्यो तर चारैतिर निराशामात्र हाथलाग्यो । यो पैसाको युग हो जहाँ सब काम पैसाको बलमा हुँदछ, दिपक जस्तो दीन, दुहुरोको अवस्थामा समाजका ठेकादारहरूको एक नजरसम्म पनि पुगेन । अन्तमा विवश भएर दिपक क्लीनर काममा लाग्यो दिनभरिको कठिन परिश्रम पश्चात् बेलुकी थाकेको शरीर लिएर उ घरतर्फ फर्कन्थ्यो-हाथमा दुइ रूपियाँको नोट लिएर । यसरी दिनहुँ कठिन मेहनत गरी जो जेला पाउँथ्यो त्यसैले आफनो घरखर्च चलाउँथ्यो । यसरीनै केही महीना व्यतित् भयो तर आमाको अवस्था भने बीसको उन्नाइस भएन—तर झन् झन् साह्रो हुँदैगयो । अन्तमा एक अमावस्यको नीरव रात्रीमा दिपककी आमाले दिपकलाई यस कठोर र स्वार्थी संसारमा एकलो छाड़ी चिर विदा लिईन् । त्यस घड़ी दिपकको नेत्रबाट केवल दुईथोपा आँशु मात्र खसे—तर ती दुइ थोपा आँशुमानै उसको हृदयको सम्पूर्ण चित्कार र व्यथा लुकेको थियो !

\+ + + +

आज दिपककी आमाको देहान्त भएको दश वर्ष भयो । यी दश वर्षको अवधिमा दिपकको जीवनमा ठूलो परिवर्त्तन आयो । अघिको र आजको दिपकमा आकाश र पातालको अन्तर देखिन्छ । आफ्नो अथक् परिश्रमको फलस्वरूप उ आज एक योग्य ड्राइभर भएको छ । उसलाई केहीको चिन्ता छैन--कसैको डर छैन उ स्वतन्त्र छ । सायद दिपककी भाग्यमा सुख र चैन भन्ने शब्द लेखिएको थिएन क्यार । यसैले होला महीना दिन अघि एक बेलुकी सिलीगुड़ीबाट माल लिएर फर्कन्दा उसको गाड़ी अचानक एउटा मिलिटेरी गाड़ीसंग ठोकिन पुग्यो । दिपक तत्क्षण चोटको गहिरो प्रभाव र धेर मात्रामा रगत बगेकोले गर्दा अचेत भयो । उसलाई चेतहिन अवस्थामानै अस्पताल ल्याइयो । चोट गहिरो लागेको खण्डमा उसलाई सरजिकल वार्डमा राखियो ।

\+ + + +

विहान भालेको प्रथम डाकको साथसाथै टाड़ो कहीं प्याउराको आवाज सुनियो । तत्क्षण दिपकको जीवनको क्षीण प्रकाश झ्याप्प निभ्यो । केही क्षण पश्चात अघिको खाट, जहाँ उसकी सुमाले अन्तिम स्वास लिएकी थिइन् औ आज दिपक आफै पनि सदाको निम्ति यस जगतदेखि विदा लिईरहेको थियो—शान्त भावहीन भई मानो कुनै अर्को रोगीको प्रतिक्षा गरिरहेथ्यो ।

सानी

पारस गजमेर, एघारौं श्रेणी

"ए.....उठै !...ए...सानी उट् !! हेर दिन ढल्किसक्यो; कति सुतिरहेकी ! उट् छिटो.....!!" आमाको यी आवाजले सानीको आँखा बिस्तारै, उघ्रे । कुन स्वप्नमा विलीन भएकी सानी ती आवाजले बिस्तारै आँखा मिच्दै उठी । "हो दिन ढल्किसकेछ" उसले मनमनै सोची । देब्रेपट्टिको सानो झ्यालबाट सूर्य्यका किरण करंगे भएर सानीको त्यो राड़ी मात्र ओछ्यौएको खाटमा परेको थियो । उ उठी, गाग्री लिएर सरासर गई—पनेरा । गाउँका ठिटा-ठिटीहरू गाग्रो, डेक्ची, डले भाँड़ा इत्यादि एकातिर राखेर हाँस्दै मुख धोइरहेका । "सानी ता आज अबेर गरेर उठ्यौ त ?" एउटीले सोधी । उत्तरमा सानी केवल मुस्कुराई—हिंजकै मुख लिएर । ठिटा-ठिटीहरू कोही पानीले मात्र, कोही 'कंचन' साबुनले मुख धोइरहेका । छेवैको स्त्री-मण्डलीमा सिनेमाको गफ चलिरहेछ । "माँझी... केटाले त 'एक्जेक्ट' अन्धाकै 'एक्टीङ्ग' गरेको नी !" एउटीले भनी "भलाई त बिचारा आमा चाहिँ त्यही बेला मर्नु, केटाको त्यही बेला खुट्टा गाड़ीले कुल्चनु —साह्रो नराम्रो लाग्यो—" शालले मुख पुछ्दै अर्कीले भनिरहेकी थिई । सानी पानीले मुख धोइसकी, गाग्री राम्ररी पखालेर थापी अनि अलिवर आएर शालले (मजेत्रो) मुख पुछ्न लागी । यतिञ्जेल गाग्रो भरिसकेछ आँटेथ्यो । "औ दिदी...पानी भरियो"—भनिन लागेको गाग्रो देखाएर बिर्खेकी दिदीले भनी । गाग्रो कम्मरमा अड्याएर सानी घरतिर लागी । "उ त्यहाँ फिका रंग छ; त्यहाँ भुटेको मकै ।" आमाले सानीलाई भनिन् । चिया हतार हतार पिएर, झुण्डिरहेको नाम्लो लिएर सानी दगुरी —स्टेशनतिर ।

दार्जीलिङ्ग शहर, आइतबारे हाट — मान्छेको घुइँचो छ । पानवालाहरू पानमा सुपारी, अलैंची, जर्दानी इत्यादि मसालाहरूले युक्त पान तयार बनाएर बसिरहेका छन्—ग्राहकको प्रतिक्षामा । यता चियादोकानमा हेर्दा उतिकै भीड़ छ । मानिसहरू कोही रूमालले मुख पुछ्दै बाहिर निस्करहेका छन्—कोही "आज चाहिं पूरा खाइन्छ" भन्ने उच्च आशा लिएर भित्र पसिरहेका । बाहिर चुलामा प्याजी, सिङ्गड़ा ठूलो कालो (कहिले नधोएको) कराहीमा पाकिरहेको छ । दोकाने मजाले दाहिने हातले समातेको 'छनौटो' ले तेल स्वारिरहेछ । समय समयमा उ भित्र हेर्छ, बाहिर हेर्छ । घरि 'ग्लास' धुने कान्छालाई हेर्छ । उसको (महाजनको) मुहार हँसिलो छ । उ आज आइतबार, ग्राहकहरूको आवागमनले खुशी छ । ग्राहकहरूको भीड़ छ । "ए...चियाले...ले..." भित्रबाट एउटा चिच्याउँछ । "स्याउँदै छ...स्याउँदै छ एकछिन्"—दोकाने बाहिरबाट कराउँछ "...ए कान्छा !! छिटो गर् न ! भित्र चिया माग्दै... बिचैमा एउटाले मुख पुछ्दै भन्छ "महाजन ! मेरो कति भो ? उता बिचारा 'कान्छा' हतार हतार ग्लास पखाल्छ । महाजनलाई भन्दा उसलाई हतार छ—असारको पन्ध्रहमा हो । मिसिन भन्दा छिटो हात चलाउँदा पनि 'कान्छा'-ले महाजनबाट खप्की पाउँछ—उ बिचरा कान्छा ।

उता चौकमा गाड़ीको तांत छ । 'सिटी' र हातको 'मिग्नल'-ले पुलिसलाई चर्को पारिरहेछ ।

बजारमा सौदा दिने दिँदै छन् थाप्ने थाप्दै छन् । "बहिनी मेरोमा ता रेजकी छैन त ? कसो गर्नु अब ?" दोकाने भन्दैछ । छेवैको 'म्युनिसिपल' बिल्डींगबाट माइकमा गीत आइ-

रहेछ—"जाने वालो जरा मुड़...के देखो..."।

यी सब रहन सहनबाट सानी दूर छ एकदमै दूर। उ केवल हातमा नाम्लो बोकेर कुदिरहिछ।

"कूँ...छक.....छक्.....छक्" गर्दै दार्जीलिङ्गको सानो रेल खरसाङ घुम हुँदै, धुवाँको का...लो मुस्लो आकाश तिर फ्याँक्दै स्टेशनतिर हान्निएर आइरहेछ। यात्रीहरूको भीड़ छ। प्रायः सबै 'कम्पार्टमेण्ट' यात्रीहरूले भरेको खचाखच। घल्ट्याक...ट्याक, घल्ट्याक ...ट्याक गर्दै रेल स्टेशन तिर आयो र मधौरोले अन्तिम सास लिए झैं रेलले पनि धेरै दिनको थकाईबाट अन्तिम श्वास लियो "कू...स्वा...।" यात्रीहरू तैं छाड़ की मैं छाड़' गर्दै रेलबाट उत्रन थाले। कुलीहरू कोही नाम्लो, कोही 'गोखे' जीप' लिएर यात्रीहरूको भारी कुकुरले मासु लुछे झैं लुछ्न लागे। सबै आफ्ना-आफ्ना भारिबोकी मालिकका पछि लागे। एक बंगाली वृद्ध कुनै एक असहाय झैं रूघ स्वरमा "कुली...! कुली...!!" भनि 'कम्पार्टमेण्ट' बाट चिच्याइरहेथ्यो। सानी हतारिएर वहाँ पुगी। दगुरेकोले सानीको श्वास-प्रश्वास बढ़िरहेथ्यो "स्वा...स्वा... "तुमी भारी बोक्न सक्छो ?" बंगालीले सोध्यो।

सानीले 'सक्छु' सूचक टाउको हल्लाई। बंगाली अघि अघि, सानी पछि, भारी बोकेर हिंड़िरहेथिई। बिचमै सानीले सोधी—"कहाँ पुऱ्याउने हो, बाबु ?"

"कागझोड़ा...।" बंगालीले भन्यो। एकक्षण पश्चात् घर आइपुगे। बिस्तारै फाटक खोलेर दुवै भित्र पसे। बन्द गरिएको दैलोमा बंगालीले ढक्ढकायो। "घरक्क" आवाज साथ दैलो खोलियो। "ओ...बाबु...!!!" कुनै एक युवतीको चर्को स्वर भित्रबाट आयो। सानी भारीसहित बाहिरै उभिरहेकी थिई।

"आसुन।" बंगालीले सानीलाई बोलायो। सानी भित्र पसी र बिस्तार साथ भारी बिसाई। घरका बाबु आएकोले जहानहरू खुशी भए। सानी मुक भएर भित्तामा झुण्डाइराखेको 'रवीन्द्र-नाथ'-को फोटो हेर्दै थिई। सम्झो होली घरका बाजे थिनै होलान्।

"कति पोइसा ?" हठात् आवाज आयो। सानी पछाड़ी फर्केर केवल मुस्कुराई। बंगालीले भारी हेऱ्यो—गहौं नै थियो साथै सानीको दयनीय अवस्था देखेर उसको हातमा एक रूपियाँ राखिदियो। सानी खुशीले गद्गद् भई। नमस्ते गरेर उ घर फर्की। उसको हृदय आज एक अपूर्व आनन्दले नाचिरहेथ्यो। बिहान देखि साँझसम्म आज उसले दुइ रूपियाँ आठ आना कमाएकी थिई। उ खुशीले घर पुगी "आमा आज ता दुइ रूपियाँ आठ आनाको कमाई भो"—सानीले आमालाई भनी। आमा चुलामा बसिरहेकी थिइन। चुला सल्किएको थिएन। आमा मुक थिइन केवल उसको आँखाबाट आँसु खसे तप्...तप्।

\+ + + +

यस्तै थियो सानीको जीवन। ती दुइ प्राणीको जीवन "माहव्वत गल्ली" को सानो एक कोठामा गुज्रिरहेथ्यो। पहिले पहाड़मा छँदा यिनीहरू तीन प्राणी थिए रे—पिता, माता र सानी। पहाड़मा यिनीहरूको ठूलो कीपट थियो रे। तर पछि, समय सालको हेरफेरले गर्दा भएकै कीपट पनि साहूले हात पाऱ्यो रे। त्यसपश्चात तिनै जना गाउँलेहरूका साथ लागि पैसा कमाउन मुग्लान पसेका रे। त्यस वेला सानीलाई कोक्रोमा ल्याएकी। अतः मुग्लान (दार्जीलिङ्ग) मा बस्दा रहँदा पिता पल्टन भर्ती गएका तर यतिका वर्ष बिते पिताको खबरै छैन बिचरी सानीले केही मात्रामा ज्ञान पाएकी थिई—त्यो पनि मुमाबाट। दार्जीलिङ्ग आएर बस्नको प्रायः आठ वर्षको लग लाग्यो रे।

पिताको मन्यो-बाँच्योको केही खबर छैन । केवल सानीले नाम्लोको सहारामा कमाएर ल्याउँछे; त्यही कमाइले ती दुइ प्राणीको जीवन चलिरहेछ ।

× + + ×

चार वर्ष पश्चात—

अमावश्यको रात । चारैतिर घोर अन्धकार—भदौको अन्धकार भन्दा कालो । रात निस्तब्धतामे छाएको छ । "मुहब्बत गल्ली" को एक कुनामा सानो टुकी बलिरहेको छ । पलङ्गमा एउटी वृद्धा—मृत्यु पखिरहेकी छ । वरिपरि छिमेकी एक टक लगाएर वृद्धालाई हेरिरहेका छन् । केश जिङ्गरीङ्ग, चोलो फाटिसकेकी क्लान्त मुहार लिई एक स्त्री वृद्धाकी छेउमा बसिरहेकी छ । रात गहिरिन्दै गइरहेछ । "टङ्ग...टङ्ग..." 'क्यापिटल'-को घड़ीले रात्री दश बजेको सूचना दियो । त...ल चिहाने डाँड़ाबाट स्याल रोएको आवाज हावाले घरि-घरि ल्याइ-रहेछ । हठात् घरको ढोका कसैले ढकढकायो । सार्कीले बिड़ीको ठूटा जुत्ताले किल्चेर आगो माऱ्यो र दैलो खोल्यो -बाहिर हेऱ्यो तर निस्तब्ध अन्धकार । हावा जोड़ले चलिरहेथ्यो । छप्परमा टिनको पाता हल्लिएको आवाज बारंबार आइरहेछ । सार्कीले दैलो बन्द गऱ्यो । तल झाँकी माडलाको कुकुर मनै अमि...लो पारेर रोयो । सबै डराए । हठात् बल्दै गरेको टुकी झ्याप्प निभ्यो । त्यही टुकीको धुवाँको अवशेषमा वृद्धाले प्राण छोड़ी । छेवको स्त्री रोई - गाउनै थर्काएर रोई तर उसको रोदन कसले सुन्ने ? निस्तब्धताले छाएको रातमा त्यस स्त्रीको रोदन स्पष्ट सुनिन्थ्यो—बेसहारा बेसहारा

हरियो झींगा

र०—हिमानन्द खाती, एघारौं श्रेणी

कवि र लेखकले त फूल र पुतलीको विषय मात्र लेख्छन् सौन्दर्यले परिपूर्ण भएकोलाई अझ सुन्दर बनाई दिन्छन् आकाशका चन्द्रतारा टिपेर गहना स्वरूप लगाई दिन्छन् यसो गर्नाले संसारमा सुन्दर चीजको मात्र प्रशंसा हुन्छन् । म कसैले लेख्दै नलेखेको प्राणीको विषयमा लेख्छु जसको पखेटामा इन्द्रेनीको सातै रंग देख्छु उसको शरीर पुतली झैं सुन्दर फूलमा झैं कोमल देख्छु तिनलाई मन्द पवनमा उड़िरहेका हेर्न चाहन्छु । रंग-बिरंगी फूलमा पटक्क बस्न नमानी जानी जानी आँपमा मात्र बस्ने 'बानी' कसैको अलिकता पनि नगरी हानी उड़छौ 'तिमी' आफ्नै पेट भर्न मनी । भाव छ तिम्रो बहुतै गहिरो अरूको निम्ति बन्दछौ बहिरो अधुरो गीतमा भरिदिन्छौ राग मधुरो बन्दछौ सदैव प्रकृतिको प्यारो ।

महंगो चिनीमा बस्छौ मीठो गरी
चिनीको स्वाद लिन्छौ पेट भरी
एकपछि भातमा बस्छौ थपक्क गरी
खेदी हाल्छ निर्दयीले तिमीलाई कठै.....बरी !!
यतिञ्जेल उड़दा पेट पनि त खाली भयो होला
निर्दयीले यो सब कहाँ देख्ला
उम्रेको भात नदिई बरू त्यसले फ्याँकला !
किन यतिसाह्रो नी ? तिमीलाई हेला ।
कति दिन, कति रात, कति युग बित्यो
कस्तो ? कस्तो ? आँधी.....बेहरी चल्यो
प्रकृतिका चीजमा भेरै.....हेरफेर भयो
तर तिम्रो 'बानी' चाँही जस्तोको तस्तै रह्यो ।
आकाश नीलो, रंग जम्मै निलो तिम्रै शरीरलाई लाग्छ
नवीन जगहमा तिमी बादल-सरी उड़े झैं लाग्छ
'भुसुना' र अरू "झींगा" तिमीलाई देख्दा भाग्छ
हरियो रंग र कालो मुकुटले झींगाको राजा झैं लाग्छ ॥

मधुर-स्मृति

ले०—टेकबहादुर सुब्बा, दशम् श्रेणी 'ए'

रात्रीको नीरवतामा खोलाको एकहोरो आवाज घरिघरि मेरो श्रवण बिवरमा आएर ठोकिन्छ । सावनको महीना, अँधेरी रात, कता कता एक दुईवटा कुकुर भुकेको सुनिन्छ । म सिरकमा गुटमुटिएर सुतिरहेको थिएँ । मलाई अझसम्म निन्द्रादेवीले अंगाल्न आएकी थिइन । प्रायः रातको एघाह्र बजेको हुँदो हो । म दिउँसो घटेको घटना मानस-पटका संगालिरहेको थिएँ । मेरो अन्तःकरणबाट एकएकवटा गरि प्रश्नहरू उठेर आउँथियो—मधु मलाई देख्दा किन बोलिन ? चिनिन पो कि ? वा लाजले पो नबोलेकी ? यस्तै प्रश्नहरू, एउटा प्वालबाट घमिराहरू आँटि-नआँटी निस्केका झैं मेरो अन्तकरणबाट बटारिन्दै गलासम्म आउँथे तर रात्रीको शून्यतामा कसलाई सुनाउने ?

मलाई तीन वर्ष अघिको पुरानो सम्झना याद आयो । त्यस समयमा मधु हाम्रै गाउँमा बस्थी । मधुकी आमा-बाबुसंग राम्रो चिना-पर्ची अनि बोला-चाला थियो । एक दिन मधुकी आमाले मधुलाई उस्को बाबुको हातमा छोड़ेर स्वर्गलोकको यात्रा गरेकी थिई । मधुकी बाबु मलायाको क्याप्टन थियो अनि प्रशस्त धन भएको हुनाले उनले दोस्रो बिवाह गरे । मधु सानैदेखि गम्भीर प्रकृतिकी थिई उस्लाई साहित्यमा रूची थियो । बेला बेलामा कथा-कविता लेख्नेपनि गर्थी । उ चौंह्र वर्षकी अनि गर्ल हाईस्कूलमा सातौं श्रेणीमा पढ़थी, म पन्द्रह वर्ष अनि एस० यू० एम० आईको अष्टम श्रेणीमा पढ़थें । दुवैको एउटै लक्ष्य थियो—डिग्री लिएर साहित्यको सेवा गर्ने । मधुले मलाई दाज्यू भनेर सम्बोधन गर्थी । एक दिन मधु मकहाँ आएर भनी—"दाज्यू ! हामी सबै-जना मिलेर एउटा हस्त-लिखित पत्रिका निकालौं ।" मैले "हुन्छ" भनें । हाम्रो गाउँको सबैजना केटा-केटीहरू मिलेर पत्रिका निकाल्यौं । पत्रिकाको नाम राख्यौं—कमल । यस्तै प्रकारले दिन बितिरहेको थियो ।

एक दिनको कुरो हो । ठण्डा महीनाको छुट्टी भइसकेको थियो । म घरको आँगनमा बसेर घाम तापदै एउटा मासिक पत्रिका पढ़िरहेको थिएँ । "माग्र दाज्यू !" कसैको मधुर स्वरले मेरो ध्यान भंग भयो । यसो नजर उठाएर हेरें । एक चतुर शिल्पीले बनाएको मूर्ती झैं मधु मेरो अघाड़ि खड़ा रहेछ ।

"किन आयौ ?" मैले सोधें

"भोलि बिहानै हामीहरू सबै मलाया जान्छौं । बुवालाई क्वाटरहरू दिएको छ अरे, अनि हामीलाई उताकै स्कूलमा पढाउने अरे ।" मधुले कारण बताई । मैले मधुलाई हेर्दै भनें—"अब गएको गएकै हुने होला हगी । कि यता फर्केर आउँछौ ?"

"खै कुन्नि !" मधु रातो भई ।

यी सबै घटनाहरू मलाई हिज अस्ति जस्तो लाग्छ तर मधु मलाया पुगी, अनि फर्की पनि । किन हो मसंग बोल्दीन ? यस्तै कुराहरू सम्झन्दै म निदाएछु ।

× × × ×

यसो आँखा खोलेर हेरेको त सूर्यका किरणहरू झ्यालबाट छिरेर मेरो खाटको खुट्टामा पर्न लागेका रहेछन् । मलाई अझसम्म निन्द्राले छोड़ेको थिएन । तरै पनि आज दार्जीलिङ्ग जान पर्ने हुनाले मलाई उठ्न कर लाग्यो ।

"भानीज ! छुट्टीमा हाम्रो घरतिर (दार्जीलिङ्ग) आउने गर है ।" मामाको यो वाक्यले नै मलाई दार्जीलिङ्ग जानु बुवाले अनुमति दिनुभयो ।

बिहानको भान्सा सकेर मैले आफ्नो भारी-तारी मिलाएँ । कुलीलाई भारी बोकाई म मोटर स्ट्यान्डतर्फ लागें । बेलैमा गाड़ी चड़ें पनि । अझ पनि मेरो अन्तःकरणमा मधुप्रति अनेकौं प्रश्नहरू उठिरहेका थिए तर यी सबैलाई म भुल्ने प्रयत्न गर्थें । यस्तै हुँदै म दार्जीलिङ्गको मोटर स्ट्यान्डमा पुगें ।

म सरासर मामाकोघरमा गएँ । कुशल खबर सोध पूछ गरिसकें पछि माईज्यूले मलाई चिया-खाजा ल्याईदिनुभयो । हामीहरूले धेरै बेरसम्म कालिम्पोंगको बिषयमा गफ गरिरहयौं । साँझ परें पछि बेलुकाको भात खाइवरि हामीहरू डुल्न निस्क्यौं ।

दार्जीलिङ्गको रङ्गी-चङ्गी र मनोहर दृश्य माझमा दिन व्यतीत गर्न पाउँदा, दिनहरू पनि छिट्टो बितेको जस्तो मलाई लाग्यो । अब स्कूल खोल्न चार, पाँच दिन मात्र बाँकि थियो । तसर्थ मामालाई विदा मागी ८ बजी बिहानको गाड़ीमा चढ़ी म कालिम्पोंगतिर लागें । प्रायः एघाह्र बज्न लाग्दा म कालिम्पोंग आई पुगें र घरको बाटो लिएँ । एकछिनपिएर म हिंड़िरहेको-थिएँ । "सागर दाज्यू !" मलाई कसैले बोलाएको जस्तो लाग्यो । स्वर त मधुको जस्तै थियो । यसो फर्केर हेरें कोहीपनि थिएन । मेरो भ्रम रहेछ । फेरि एका एक मलाई मधुको सम्झना आयो । विगत दिनहरूका सुनौला दिवसहरू दुवै दाज्यू-बहिनी भएर कसरी बिताएका थियौं । ती सब मेरो आँखाको अघाड़ि एक एक गरी नाच्न थाल्यो । यस्तो हुँदै म घर पुगें । भरियालाई ज्याला दिएर म थन्को-मन्को गर्न थालें । सब कुरो मिलाई सकेपछि म चिया पिउन भनी भान्सा-कोठामा गएँ । मेरो निम्ति आमाले चिया बनाई रहेकी थिईन् । म छेउमा गएर बसें ।

'छोरे ! अस्ती मर्नभन्दा अघाड़ी परकी मधुले एउटा चिट्ठी दिएकी थिई । माथि दराजमा राखिदिएको छु ।" आमाले चिया मार्दै भनी । 'मर्नभन्दा अघाड़ि' यी शब्दहरूले मलाई बज्रको काम गऱ्यो । भयभीत हुँदै मैले सोधें—"आमा ! के मधु यस संसारमा छैनन र ? कि के भयो ?"

आमाले बिस्तारोसंग भन्नुभयो—"खै ! आजकलका केटा-केटीहरू कस्ता कस्ता हुन्छन् । आमा-बाबुले राम्रोसंग हेर-बिचार गरेर खोजी दिएको बर उनीहरूलाई मन नपर्ने अरे । मधुलाई पनि त बिहाको कुरा गर्दा त विष खाएकी । छ्याः ! छ्याः ! कलियुगका केटा-केटीहरू ।"

मलाई स्पष्ट थाहा भयो कि मधुले आत्मा-हत्या गरी । चिया भान्सा-कोठामा नै छोड़ेर माथि तलामा आएर मैले दराजबाट चिट्ठी झिकें । हरियो लिफाफामा चिट्ठी बन्द गरिएको थियो । लिफाफा च्यातेर चिट्ठी पढ़न थालें । यस्तो लेखिएको थियो :—

प्रिय दाज्यू सागर,

सप्रेम एवं सदा दिनको सम्झना !

